# नेपाल एसबिआई बैंक लिमिटेड

## तेइसौं वार्षिक साधारण सभाको निर्णय (माइन्यूट)

**१. वैधानिक सभा :–**

नेपाल एसबिआई बैंक लिमिटेडको तेइसौं वार्षिक साधारणसभा बैंकको संचालक समितिका अध्यक्ष श्री कृष्ण प्रसाद आचार्यको अध्यक्षतामा देहायबमोजिम सम्पन्न भयो ।

**२. सभाको मिति, स्थान तथा समय :-**

मिति : वि.सं. २०७३ माघ २७ गते (तदनुसार ९ फेब्रुअरी २०१७) बिहीवार ।
स्थान : त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं ।
समय : दिनको ११:०० बजे ।

**३. उपस्थिति :–**

**क) संचालकको उपस्थिति :**

| | | | |
|---|---|---|---|
| १. | श्री कृष्ण प्रसाद आचार्य | : | अध्यक्ष |
| २. | श्री प्रबोध पारिख | : | संचालक |
| ३. | श्री निरञ्जन कुमार टिवरेवाला | : | संचालक |
| ४. | श्री संजय कुमार सुरेका | : | संचालक |
| ५. | श्री केशव राज आचार्य | : | विशेषज्ञ संचालक |
| ६. | श्री अनुकूल भटनागर | : | प्रबन्धसंचालक |

**ख) पर्यवेक्षकको उपस्थिति :**

| | | | |
|---|---|---|---|
| १. | श्री खेमराज खत्री | : | पर्यवेक्षक, कम्पनी रजिष्ट्रारको कार्यालय |

**ग) अन्य उपस्थिति :**

| | | | |
|---|---|---|---|
| १. | श्री शुभकान्त कानुनगो | : | नायव सिइओ/प्रमुख संचालन अधिकृत |
| २. | श्री प्रिय रञ्जन | : | प्रमुख वित्तीय अधिकृत |
| ३. | श्री छपि राज पन्त | : | प्रमुख जोखिम अधिकृत |
| ४. | श्री देवराज अधिकारी | : | प्रमुख कर्जा अधिकृत (कार्यबाहक) |
| ५. | श्री रमेश घिमिरे | : | कम्पनी सचिव |
| ६. | श्री लेखनाथ पोखरेल | : | प्रमुख-लेखा परीक्षण विभाग |

| | | | |
|---|---|---|---|
| ७. | श्री सन्तोष भण्डारी | : | प्रमुख- वित्त तथा योजना विभाग |
| ८. | श्री राजेश पौडेल | : | बाह्य लेखापरीक्षक - प्रतिनिधि पि.एल.श्रेष्ठ एण्ड कं, चार्टर्ड एकाउण्टेन्टस् |
| ९. | श्री पूर्णमान शाक्य | : | कानूनी सल्लाहकार |

**घ) शेयरधनीको उपस्थिति :**

स्वयं उपस्थित : ७६१ जना ।

प्रतिनिधि मार्फत उपस्थित : -

**४. सभामा प्रस्तुत छलफलका विषयहरू :–**

**क. सामान्य प्रस्ताव:**

१. आ.व. २०७२/७३ का लागि संचालकसमितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदनसहितको आ.व. २०७२/७३ को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०७३ को वासलात, आ.व. २०७२/७३ को नाफानोक्सान हिसाब र सोही अवधीको नगदप्रवाह विवरण, नाफानोक्सान बाँडफाँड हिसाब लगायत वार्षिक आर्थिक विवरणसँग सम्बन्धित अनुसूचीहरु समेत) छलफल गरी पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी "नेपाल एसबिआई मर्चेण्ट बैकिङ्ग लि." को आ.व. २०७२/०७३ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने ।

४. संचालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई रु.५,७३,३३,८७१/- बराबर नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर सहित) वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

५. आ.व. २०७२/७३ को लागि साधारणसभाबाट नियुक्त लेखापरीक्षक मेशर्स पिएल श्रेष्ठ एण्ड कं., चाटर्ड एकाउण्टेन्ट्लाई बैंकको लेखापरीक्षण समितिले रु.२०,५०,०००/-(मुल्य अभिवृद्धी कर वाहेक) पारिश्रमिक भुक्तानी दिने गरी सिफारिस गरे बमोजिम निजको पारिश्रमिक अनुमोदन गर्ने ।

६. बैंकको लेखापरीक्षण समितिले सिफारिस गरे अनुसार आ.ब. २०७३/७४ को लागि लेखापरीक्षकको नियुक्ती र निजको पारिश्रमिक निर्धारण गर्ने । (लेखापरीक्षण समितिले मेशर्स पिएल श्रेष्ठ एण्ड कं., चाटर्ड एकाउण्टेन्ट्लाई नियुक्तीका लागि सिफारिस गर्ने निर्णय गरेको जानकारी गराउँदछौं ।)

७. विविध (अध्यक्षज्यूको अनुमतिमा) ।

**ख. विशेष प्रस्ताव:**

१. बैंकको संचालक समितिले प्रस्ताव गरेअनुसार शेयरधनीहरुलाई रु.१,०८,९३,४३,५४७/- बराबर (प्रत्येक १०० कित्ता शेयर बराबर २८ कित्ताका दरले) बोनस शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

२. बैंकको २२औं साधारण सभाले संचालक समितिलाई प्रत्यायोजन गरेको अख्तियारी बमोजिम संचालक समितिले रु.१,९९,१९,४२,३६०/- (रुपैयां एक अर्ब उनान्नसय करोड उन्नाइस लाख बयालिस हजार तीन सय साठी मात्र) रकम बराबर (प्रत्येक १० कित्ता शेयर बराबर ४ कित्ताका दरले) हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा हकप्रद शेयर जारी गर्दा आउने भिन्न अंक (Fraction) लाई शेयरधनीबाट थप रकम लिई पूर्ण (Whole) अंकमा परिणत गर्ने र त्यसरी पूर्ण (Whole) अंकमा परिणत गर्ने क्रममा वर्तमान शेयरधनी समूहको शेयर स्वामित्व कायमै राख्न संस्थापक (Promoter) शेयरधनीबाट जति रकम थप्न आवश्यक पर्छ सो रकम संस्थापकबाट समेत थप लिई संस्थापक र सर्वसाधारण शेयरधनीको शेयर स्वामित्व ७०:३० कायम गर्ने एवं हकप्रद शेयर बिक्री नभएको अवस्थामा प्रचलित कानून बमोजिम नियमन निकायको स्विकृति लिई उपयुक्त माध्यमबाट बिक्री गर्न स्विकृति प्रदान गर्ने ।

३. उपर्युक्त विशेष प्रस्ताव नं. १ र २ को फलस्वरुप जारी पूंजी तथा चुक्ता पूँजीलाई बृद्धि गर्नुपर्ने भएको हुंदा बैंकको प्रबन्धपत्रको दफा ५.१ (ख) र (ग) मा समेत संशोधन गर्ने सम्बन्धि प्रस्ताव पारित गर्ने र सो को लागि आवश्यक पर्ने जारी पूँजी तथा चुक्ता पूँजी संशोधन गरी पेश गर्न संचालक समितिलाई अख्तियारी दिने ।

४. संचालक समिति तथा संचालक समितिको उपसमितिहरुको वैठकमा भाग लिएवापत समितिका अध्यक्ष तथा अन्य संचालकहरुलाई दिईने बैठक भत्ता बृद्धि गरी क्रमश: रु.१५,०००/- र रु.१२,५००/-प्रति वैठक कायम गर्न बैंकको नियमावलीको २९(ख) संशोधन गर्ने तथा स्थानीय संचालकहरुलाई पत्रपत्रिका तथा समाचार सामाग्री वापत दिइने मासिक खर्च बृद्धि गरी मासिक खर्च रु.१५,०००/- कायम गर्न बैंकको नियमावलीको नियम २९(घ१) मा संशोधन गर्ने सम्वन्धी प्रस्ताव पारित गर्ने ।

५. वैंकले आ.व. २०७२/७३ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा पशुपति क्षेत्र विकास कोषसँगको साझेदारीमा पशुपति दक्षिण कलात्मक प्रवेशद्वार निर्माणका लागि संचालक समितिबाट स्विकृत गरिएको रु.२ करोड ७५ लाख मध्ये यस आ.व. मा सो अन्तरगत भएको खर्च कम्पनी ऐन, २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सीमा नाघेको हुंदा सो अन्तरगत भएको खर्च रु.२६,६०,७७२/- लाई अनुमोदन गर्ने ।

६. नियामक निकायहरुको निर्देशनमा प्रबन्धपत्र तथा नियमावलीका प्रस्तावित संशोधनहरुमा परिमार्जन गर्न आवश्यक र उपयुक्त भएमा सो गर्न संचालक समितिलाई अधिकार प्रदान गर्ने ।

७. विविध (अध्यक्षज्यूको अनुमतिमा) ।

सर्वप्रथम बैंकको संचालक समितिका उपस्थित सदस्यहरू, आमन्त्रित एवं पर्यवेक्षक महानुभावहरू र बैंक व्यवस्थापनका कर्मचारीहरूले मञ्च(डायस)मा आई आसन ग्रहण गर्नुभयो ।

**५.गणपुरक संख्या :–**

| कूल शेयरधनी संख्या | कूल शेयर संख्या | शेयरधनीको उपस्थिति | | | | | | शेयर प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | स्वयं उपस्थित | | प्रतिनिधीमार्फत | | कूल उपस्थित | | |
| | | संख्या | शेयर | संख्या | शेयर | संख्या | शेयर | |
| ३१,९३५ | ३,८९,०५,१२,३५२ | ७६१ | २,७५,७८,८७७ | - | - | ७६१ | २,७५,७८,८७७ | ७०.८९% |

**६. स्वागतः**

सभाको शुरूमा कम्पनी सचिव श्री रमेश घिमिरेले सभामा उपस्थित संचालक, पर्यवेक्षक, आमन्त्रीत तथा सम्पूर्ण शेयरधनीलाई हार्दिक स्वगत गर्दै आसन ग्रहणका लागि अनुरोध गर्नु भयो । एस.बि.आई. लाई प्रतिनिधित्व गर्ने संचालक श्री सिद्धार्थ सेन गुप्ता तथा श्री सुजित कुमार बर्मा कार्यालयीय आकश्मिकताका कारण अनुमति सहित अनुपस्थित हुनुभएको जानकारी गराइयो ।

**७. सभाको वैधानिकता :–**

आज बोलाइएको तेइसौं वार्षिक साधारण सभा शुरु हुनु अघि सभाको वैधानिकताको विषयमा छलफल भयो । आजको साधारण सभाको सूचना वि.सं. २०७३ माघ ६ गतेको “आर्थिक अभियान” राष्ट्रिय दैनिक, २०७३ माघ ७ गतेको “कारोबार राष्ट्रिय आर्थिक” दैनिक तथा २०७३ माघ २६ गतेको “आर्थिक अभियान” राष्ट्रिय दैनिकमा प्रकाशित गरिनुका साथै बैंकको संक्षिप्त वार्षिक आर्थिक विवरण तथा सभामा छलफल गरिने अन्य विषयहरू सहितको सूचना सबै शेयरधनीहरूको व्यक्तिगत ठेगानामा हुलाक तथा कुरियरमार्फत पठाइएको र इच्छुक शेयरधनीहरूले बैंकको प्रधान कार्यालयमा आएर र बैंकको वेबसाइट मार्फत समेत वार्षिक प्रतिवेदन लगायतका विषयहरू प्राप्त गरी सभामा छलफल गरिने सम्पूर्ण विषयहरूका बारेमा जानकारी लिनुभएको कम्पनी सचिवद्वारा सभामा जानकारी गराइयो । आजको सभामा कुल ३१,९३५ शेयरधनीहरूमध्ये दिनको ११:१० बजेसम्ममा ७६१ जना शेयरधनीहरू स्वयं उपस्थित र हुनुभई कुल चुक्ता पूँजीको ७०.८९ प्रतिशत शेयरको प्रतिनिधित्व भएको देखियो । सभामा उपस्थित सबै शेयरधनीहरू सभामा भाग लिन तथा मतदान गर्न पाउने भएको र आजको तेइसौं वार्षिक साधारण सभाका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) बमोजिम शेयरधनीहरूलाई सूचना दिइएको एवं सोही ऐनको दफा ७३ को उपदफा (२) अनुरूपको गणपूरक संख्यासमेत पुगेको बेहोरा कम्पनी सचिव श्री रमेश घिमिरेले सभाका अध्यक्षसमक्ष

प्रस्तुत गर्नुभयो । सभा बोलाउनका लागि प्रचलित ऐन, कानूनको व्यवस्थाको पालना गरेको पाइएको र सभाको लागि आवश्यक गणपूरक संख्यासमेत पुगेको देखिएकोले सभाका अध्यक्ष श्री कृष्ण प्रसाद आचार्यले आजको सभाको काम-कारबाही शुरू गर्नुभयो ।

सभामा भएको छलफल तथा निर्णयको विवरण देहायबमोजिम रहेकोछ :

८. **सभा संचालन तथा प्रतिवेदन प्रस्तुति** :–

क) आज बसेको तेइसौं वार्षिक साधारणसभाका सभाध्यक्ष श्री कृष्ण प्रसाद आचार्यले उपस्थित सबै शेयरधनी महानुभावहरूलाई स्वागत गर्दै आ.ब. २०७२/७३ को संचालकसमितिको प्रतिवेदन तथा सोमा आधारित आफ्नो मन्तव्य सभासमक्ष प्रस्तुत गर्नुभयो ।

ख) सभाध्यक्षले लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७२/७३ को वार्षिक आर्थिक विवरण, २०७३ आषाढ मसान्तको वासलात, आ.व.२०७२/७३ को नाफानोक्सान हिसाब, सोही अवधिको नगदप्रवाह विवरण, नाफानोक्सान बाँडफाँड हिसाबलगायत सम्बद्ध अनुसूचीहरू सहितको वार्षिक आर्थिक विवरण छलफलका लागि प्रस्तुत गर्नुभई त्यसउपरको छलफलमा भाग लिन तथा बैंकको कारोबारसम्बन्धी विविध पक्षहरूमा आफ्ना विचार तथा जिज्ञासाहरू व्यक्त गर्नका लागि शेयरधनीहरूलाई अनुरोध गर्नुभयो ।

९. **छलफलमा सहभागी हुनेहरू** :–

छलफलका क्रममा देहायमा उल्लेख भएबमोजिमका शेयरधनी महानुभावहरूले बैंकको कामकारवाही, वार्षिक हरहिसाब तथा वार्षिक प्रतिवेदनका सम्बन्धमा आ-आफ्ना राय तथा जिज्ञासाहरू व्यक्त गर्नुभयो ।

- श्री उद्धवप्रसाद घिमिरे
- श्री व्यासकुमार शर्मा
- श्री राजेश शाक्य
- डा. माधव कुमार श्रेष्ठ
- श्री शिव प्रसाद शर्मा
- डा. सुन्दर लाल श्रेष्ठ
- श्री रोज कुमार श्रेष्ठ
- श्री दिलिप मान श्रेष्ठ
- श्री डमरु वल्लभ घिमिरे
- श्री नरसिंहलाल चखु
- मेजर कुबेर बहादुर श्रेष्ठ
- श्री भक्ती प्रसाद उप्रेती
- श्री वैजनाथ रौनियार
- श्री उत्तम दत्त पाण्डे
- श्री कृष्ण प्रसाद अधिकारी
- श्री अमिर दास रञ्जित
- श्री चन्द्र नारायण श्रेष्ठ
- श्री उत्तम पाठक

- ❖ श्री बलराम सापकोटा
- ❖ श्री राम गोपाल महर्जन
- ❖ श्री महेन्द्र बहादुर श्रेष्ठ
- ❖ श्री लवराज जोशी

१०. <u>मन्तव्य, प्रतिक्रिया तथा प्रत्युत्तर</u> :–

छलफलका क्रममा उल्लिखित शेयरधनीहरूले बैंकको काम कारोबार तथा वार्षिक आर्थिक विवरणका सम्बन्धमा आ-आफ्ना धारणा, प्रश्न, जिज्ञासा, सुझाव तथा प्रतिक्रिया व्यक्त गर्नुभयो । उहाँहरूबाट व्यक्त धारणा, प्रश्न, जिज्ञासा, सुझाव तथा प्रतिक्रियालाई यसै माइन्यूटको अभिन्न अंगको रूपमा अनुसूची १ मा समावेश गरिएको छ ।

वक्ताहरूको बोल्ने क्रम सकिएपछि सभाध्यक्ष श्री कृष्ण प्रसाद आचार्यले बैंकको कामकारोबारका सम्वन्धमा शेयरधनीहरूबाट व्यक्त सुझाव तथा प्रतिक्रियाका लागि उहाँहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो । वहाँले शेयरधनीबाट प्रिमियममा हकप्रद शेयर जारी गर्ने अघिल्लो साधारण सभाको निर्णयका सम्वन्धमा सभामा व्यक्त जिज्ञासालाई सम्वोधन गर्दै साधारण सभाले अधिकतम रु. २ अर्ब ६० करोड सम्म हकप्रद शेयर निष्काशन गर्ने र (क) अन्तिम लेखापरीक्षणबाट कायम हुन आउने प्रति शेयर नेटवर्थको सीमा भित्र रही हकप्रद शेयरको प्रिमियम निर्धारण गर्न तथा (ख) हकप्रद शेयर निष्काशन गर्दाका बखत विद्यमान रणनीतिक पक्षहरु एवं उपलब्ध व्यवशायिक अवसर समेतलाई दृष्टिगत गरी हकप्रद शेयरको रुपमा निष्काशन हुने शेयरको खास अनुपात, जारी हुने रकम र निष्काशनको चरण किटान गर्न संचालक समितिलाई अधिकार प्रत्यायोजन गरे बमोजिम संचालक समितिले सर्वसाधारण शेयरधनी तथा संस्थापक समेतको हित लगायत समग्र पक्षहरुको विश्लेषण गरी हकप्रद शेयर प्रिमियममा नभई अंकित मूल्यमानै जारी गर्ने निर्णय गरेको एवं हकप्रद शेयर जारी गर्दा आउने भिन्न अंक (Fraction) लाई शेयरधनीबाट थप रकम लिई पूर्ण (Whole) अंकमा परिणत गर्ने प्रस्ताव समेत यसै साधारणसभामा पेश भैरहेको जानकारी गराउनुभयो ।

त्यसैगरी नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐनमा भएको व्यवस्था बमोजिम संचालक समितिको बैठक बस्ने व्यवस्था गर्न भएको निर्देशनका सम्वन्धमा सभामा व्यक्त जिज्ञासालाई सम्वोधन गर्दै बैंकको संचालक समितिले संचालक समितिको बैठक आवश्यकतालाई मध्यनजर गर्दै सकेसम्म कम बस्ने र संचालक समितिको बैठक मितव्ययी रुपमा संचालन गर्दै आउने क्रममा ऐनको प्रावधान बमोजिम दुईवटा बैठकको बीचको फरक दुई महिनाभन्दा बढी नहुनुपर्नेमा प्राविधिक कारणले कुनै अवधिमा दुईवटा बैठकको बीचको अवधि २ महिना कट्न गएको जानकारी गराउँदै यस सम्बन्धमा अन्यथा मान्न आवश्यक नरहेको व्यहोरा जानकारी गराउनुभयो ।

बैंकको संचालकसमिति सर्वसाधारण शेयरधनीको हक अधिकार र वहाँहरुप्रतिको आफ्नो कर्तब्यका सम्बन्धमा सचेत रहेको धारणा व्यक्त गर्दै सभाध्यक्ष श्री आचार्यले शेयरधनीको सल्लाह सुझाव समेतलाई ध्यानमा राखी उचित तवरले कार्यदिशा तय गरिने सभा समक्ष जाहेर गर्नुभयो र शेयरधनीबाट सभामा व्यक्त अन्य जिज्ञासालाई सम्बोधन गर्न प्रवन्ध संचालक श्री अनुकूल भटनागरलाई अनुरोध गर्नुभयो ।

**यसक्रममा प्रबन्ध संचालक श्री अनुकूल भटनागरले शेयरधनीहरूबाट व्यक्त जिज्ञासालाई देहाय बमोजिम सम्बोधन गर्नुभयो :**

१. शेयरधनीबाट भएको स्वागत एवं शुभकामनाको लागि कृतज्ञता व्यक्त गर्दै साधारणसभामा उपस्थित सम्पूर्ण शेयरधनीहरूलाई स्वागत ।
२. अधिकांस सूचकाङ्कहरुबाट बैंकको समग्र व्यवसायिक क्रियाकलापमा प्रगति झल्किएको धारणा व्यक्त गर्दै संचालक समिति, एस.वि.आई. बाट खटि आएका कर्मचारी एवं बैंक प्रति कटिबद्ध कर्मचारीहरुको सहयोगका कारण यो प्रगति हासिल हुन सकेको धारणा व्यक्त ।
३. बैंकको व्यवसाय प्रवर्द्धन तथा बैंकको Visibility बृद्धि गर्न शेयरधनीबाट गरिएको आग्रहलाई सम्वोधनका क्रममा व्यवसाय प्रर्वदनलाई बैंकले आफ्नो प्राथमिकतामा राखेको जानकारी गराउँदै ससाना पत्रिका देखि ठूला राष्ट्रिय दैनिक पत्रिकाहरुमा मात्र नभएर व्यवसायिक, औद्योगिक, व्यापार, भेला, मेला र सभामा बैंकले आफ्नो उपस्थिती जनाउदै आएको सभालाई जानकारी ।
४. विना सूचना भुक्तानी भएको ड्राफ्ट भुक्तानी गरिएवापत बेहोर्नु परेको नोक्सानी असूलीका लागि बैंकले दायर गरेको मुद्दाका सम्वन्धमा सभामा व्यक्त जिज्ञासालाई सम्वोधन गर्दै बैंकले सर्वोच्च अदालतसमक्ष मुद्दा दोहऱ्याई पाउन निवेदन गरेको र सम्मानित सर्वोच्च अदालतबाट दोहऱ्याउने निस्सा प्राप्त भई उक्त निवेदन सुनुवाइको क्रममा रहेको र आगामी सुनुवाई २०७३ फागुन ११ गते रहेको जानकारी प्रस्तुत । अदालतको फैसला पश्चात यसलाई उपयुक्त तवरले निरुपण गर्ने धारणा व्यक्त ।
५. साधारण सभा समयमै सम्पन्न हुन नसकेको भन्ने सम्वन्धमा शेयरधनीहरुबाट व्यक्त जिज्ञासालाई सम्वोधन गर्दै बैंकको प्रबन्धपत्रमा उल्लेख भए बमोजिम संस्थापक र सर्वसाधारण शेयरधनीको शेयर स्वामित्व ७०:३० कायम गर्नको लागि फर्दर पब्लिक इस्यू गरेपश्चात मात्र साधारण सभा सम्पन्न गनुपर्ने भएको कारण यथा समयमै वित्तीय विवरण तयार पारिएको भएतापनि साधारण सभा समयमै सम्पन्न हुन नसकेको जानकारी प्रस्तुत गर्दै आगामी साधारण सभा समयमै सम्पन्न गर्ने प्रतिवद्धता जाहेर ।
६. एनएसबिएल छात्रबृत्ति कोष स्थापना गर्न शेयरधनीहरुबाट व्यक्त रायलाई सम्वोधन गर्दै बैंकले विभिन्न विद्यालयका गरीव तथा जेहन्दार विद्यार्थीहरुलाई छात्रबृति एवं पुस्तक तथा आवश्यक



NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

सामाग्रीहरु वितरण गर्दै आइरहेको जानकारी प्रस्तुत । बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत पशुपति क्षेत्र विकाश कोषसंगको सहकार्यमा पशुपतिनाथ मन्दिर दक्षिण प्रवेशविन्दु, पिङ्गलास्थानमा निमार्ण गर्न लागेको कलात्मक प्रवेशद्वार निर्माण तथा पोखरा उपमहानगरपालिसँगको सहकार्यमा पोखराको फेवा ताल सौन्दर्यकरण परियोजनामा गर्नलागेको खर्चको अनुपातमा यी खर्च कम रहेको हुँदा बैंकले गरेका यस्ता सहयोगहरु ओझेलमा परेका भए तापनि शैक्षिक क्षेत्रमा पनि बैंकले यथेष्ठ सहयोग गर्दै आएको धारणा व्यक्त ।

७. नेपाल वित्तीय विवरण प्रतिवेदनमान (एन.एफ.आर.एस.) लागु गर्ने सम्बन्धमा सभामा व्यक्त जिज्ञासालाई सम्बोधन गर्दै बैंकले एन.एफ.आर.एस. लागु गर्नका लागि एउटा चार्टर्ड एकाउण्टेन्टस् फर्मबाट सेवा लिने निर्णय गरी सो फर्मलाई उक्त सेवाका लागि नियुक्त गरिसकेको र चालु वर्षको चैत्र मसान्तभित्र बैंकमा एन.एफ.आर.एस. लागु हुने जानकारी प्रस्तुत ।

८. भारतीय गोर्खा सैनिकलाई micro credit सुविधा दिनको लागि गरिएको आग्रहका सम्बन्धमा बैंकले उनिहरुको आम्दानीको आधारमा बैंकले उपलब्ध गराएको विभिन्न कर्जा तथा सुविधा लिन सकुन भन्ने अभिप्रायले छुट्टै योजना संचालनका लागि विभिन्न निकायहरुसँग छलफल गरी अन्तिम चरणमा रहेको बेहोरा जानकारी ।

९. बैंकमा महिलाको प्रतिनिधित्व सम्बन्धमा शेयरधनीहरुबाट व्यक्त जिज्ञासालाई सम्बोधन गर्दै बैंकमा हाल २२ प्रतिशत महिला कर्मचारी रहेको र हालै नियुक्त गरिएका कर्मचारी मध्ये ४० प्रतिशत कर्मचारी महिला रहेको धारणा व्यक्त ।

१०. नेपालभर शाखा विस्तार गर्न शेयरधनीहरुबाट सभामा गरिएको अनुरोधलाई सम्वोधन गर्दै बैंकले आवश्यकता तथा उपलब्ध व्यवसायिक अवसर हेरी ७५ वटै जिल्लामा आफ्नो शाखा विस्तार गर्ने लक्ष्य लिएको धारणा व्यक्त । साथै, नयाँ शाखा खोल्ने मात्र नभई पुराना शाखाहरुको दक्षता अभिवृद्धि गर्नुपर्ने सभामा व्यक्त सुझावको सम्वोधन गर्ने क्रममा बैंकले नयाँ शाखा खोल्न तर्फ मात्र नभई पुराना शाखाहरुको सेवामा सुधार गर्ने तर्फ समेत आफ्नो ध्यान दिएको कारण ग्राहक सेवामा उल्लेख्य सुधार हुने प्रतिवद्धता जाहेर ।

११. बैंकको प्रधान कार्यालयको लागि भवन निर्माणको सम्बन्धमा शेयरधनीहरुबाट व्यक्त जिज्ञासालाई सम्वोधन गर्दै भवन निर्माण कार्यलाई बैंकले प्राथमिकतामा राखेको धारणा व्यक्त ।

१२. आगामी वर्षको मुनाफा लक्ष्यको सम्बन्धमा व्यक्त जिज्ञासालाई सम्बोधन गर्दै संचालक समितिले स्वीकृत गरेको बैंकको वार्षिक व्यवसायिक योजना अनुरुप बैंकको हाल आर्जित खुद मुनाफा भन्दा उल्लेख्य बढी आर्जन गर्ने लक्ष्य रहेको जानकारी प्रस्तुत । वर्तमान समय बैंकिङ्ग क्षेत्रको लागि अनुकूल नभएतापनि शेयरधनी, कर्मचारी, संचालकसमितिको सहयोगमा आगामी वर्ष यस बर्षको खुद नाफामा वृद्दि हासिल हुने अपेक्षा व्यक्त ।

१३. अन्य प्रतिस्पर्धी बैंक सरह बैंकले प्रगति हासिल गर्न नसकेको भनी सभामा व्यक्त गुनासोलाई सम्वोधन गर्दै नेपाल एसबिआई बैंक सवै नेपाली समुदायलाई दिगो रुपमा गुणस्तरीय बैंकिङ्ग सेवा

पुऱ्याउन प्रतिवद्ध रहेको र बैंकले पूर्णरुपमा नेपाली श्रोत र साधनको परिचालनवाट नै उपलब्धि हासिल गरिरहेको र बैंकको नाफाको बृद्धि दर समेत उत्साहजनक रहेको जानकारी प्रस्तुत ।

१४. संचालक समितिको वैठक भत्ता लगायत अन्य शिर्षकहरुमा भत्ता बृद्धि गर्ने साधारण सभामा पेश गरिएको प्रस्तावका सम्बन्धमा सम्बोधन गर्दै संचालकहरुको भत्ता बृद्धि गरेको तीन वर्ष भईसकेको र संचालकले बैंकलाई दिएको समय, बैंकको काम करवाही प्रति उनीहरुले पुऱ्याएको सहयोग एवं समकक्षी बैंकहरुले आफ्ना संचालकलाई दिएको सेवा, सुविधा तथा भत्तालाई समेत मध्यनजर गर्दा बैंकले प्रस्तुत गरेको भत्ता बृद्धिको प्रस्ताव नगन्य रहेको जानकारी गराउँदै बैंकलाई बैंकको स्थायित्व, समग्र विकास र प्रगती एवं शेयरधनीको लागि प्रतिफल आर्जन गर्नमा व्यवस्थापनलाई स्वतन्त्र, सन्तुलित एवं सुपरिवेक्षणका साथै अमुल्य योगदान तथा नेतृत्व र प्रतिबद्धताका लागि संचालकहरुको उचित सम्मान हुनुपर्ने धारणा व्यक्त ।

१५. शेयरधनीहरुले यस बैंक लगायत अन्य बैंकहरुको समेत वित्तीय विवरणहरुको राम्ररी अध्ययन गर्ने हुँदा शेयरधनीहरुबाट प्राप्त सुझावले बैंकको कार्य संचालनमा महत्वपुर्ण सहयोग पुग्ने अपेक्ष गर्दै नयाँ नीति निर्माण गर्न र आफ्नो कार्यदिशा तय गर्न समेत सहयोग मिलेको धारणा व्यक्त ।

## ११. <u>सभाको निर्णय</u> :–

### क. सामान्य प्रस्तावतर्फ:

१. छलफलको विषयसूची नं.१ बमोजिम सभाध्यक्षले संचालकसमितिका तर्फबाट पेश गर्नुभएको संचालकको प्रतिवेदनको अनुमोदन गरिदिन सभामा प्रस्ताव राख्नुभएकोमा त्यसको सर्वसम्मतिबाट अनुमोदन भयो ।

२. तत्पश्चात् सभाध्यक्षको प्रस्तावमा सभाले आ.व. २०७२/७३ को वार्षिक आर्थिक विवरण (लेखापरीक्षकको प्रतिवेदनसहितको २०७३ आषाढ मसान्तको वासलात र सोही अवधिको नगदप्रवाह विवरण, नाफानोक्सान बाँडफाँड हिसाबलगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध अनुसूचीहरू समेत) छलफल गरी सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।

३. यस बैंकको सहायक कम्पनी "नेपाल एसबिआई मर्चेण्ट बैकिङ्ग लि." को आ.व. २०७२/०७३ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गरिदिन सभाध्यक्षले सभामा प्रस्ताव राख्नुभएकोमा त्यसको सर्वसम्मतिबाट स्वीकृत/पारित गर्ने निर्णय गऱ्यो ।

४. बैंकको संचालक समितिले प्रस्ताव गरेअनुसार शेयरधनीहरुलाई रु.५ करोड ७३ लाख ३३ हजार ८ सय ७१ बराबर नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर सहित) वितरण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धि प्रस्ताव सभाध्यक्षले सभासमक्ष पेश गर्नुभएकोमा उक्त प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

५. सभाध्यक्षले आ.व.२०७२/७३ को लागि साधारणसभाबाट नियुक्त लेखापरीक्षक मेशर्स पि.एल श्रेष्ठ एण्ड कं., चाटर्ड एकाउण्टेन्टस्लाई बैंकको लेखापरीक्षण समितिले रु.२०,५०,०००/-(मूल्य अभिवृद्धी कर वाहेक) पारिश्रमिक भुक्तानी दिने गरी सिफारिस गरे बमोजिम निजको पारिश्रमिक अनुमोदन गरिदिन सभासभक्ष प्रस्ताव पेश गर्नुभएकोमा सभाले लेखापरीक्षकको पारिश्रमिक सर्वसम्मत्तिबाट अनुमोदन गर्ने निर्णय गऱ्यो ।

६. आर्थिक वर्ष २०७३/७४ का लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्तावका सम्बन्धमा सभाध्यक्षले कम्पनी ऐन, २०६३ को दफा १६५ (घ) को प्रावधानअनुरूप बैंकको लेखा परीक्षण समितिले प्रचलित कानूनबमोजिम लेखापरीक्षकमा नियुक्त हुन योग्य लेखापरीक्षक मेशर्स पि.एल श्रेष्ठ एण्ड कं., चाटर्ड एकाउण्टेन्ट्लाई लेखापरीक्षकको रुपमा निरन्तरता दिन सिफारिस गरेको र निजको पारिश्रमिक मु.अ.क. वाहेक रू.२०,५०,०००/- (अक्षरेपि रूपैयाँ बीस लाख पचास हजार मात्र) निर्धारण गरी त्यसको अनुमोदनका लागि प्रस्तुत गरेको जानकारी गराउदै सभाध्यक्षले आ.व.२०७३/७४ का लागि बैंकको लेखापरीक्षक नियुक्त गर्न तथा लेखा परीक्षण समितिले सिफारिस गरेको निजको पारिश्रमिक अनुमोदनका लागि प्रस्ताव पेश गर्नुभएकोमा सभाले तदनुरूप आ.व.२०७३/७४ का लागि मेशर्स पि.एल श्रेष्ठ एण्ड कं., चाटर्ड एकाउण्टेन्ट्लाई लेखापरीक्षक नियुक्त गर्ने एवं निजको पारिश्रमिक मु.अ.क. वाहेक रू.२०,५०,०००/- (अक्षरेपि रूपैयाँ बीस लाख पचास हजार मात्र) लाई सर्वसम्मतिबाट अनुमोदन गर्ने निर्णय गऱ्यो ।

७. निर्धारित विषयसूची नं. ७ को विविधमा कुनै प्रस्ताव नभएको ।

**ख. विशेष प्रस्तावः**

८. सभाध्यक्षले विशेष प्रस्ताव अन्तर्गत बुंदा १ मा प्रस्तावित गरिए अनुसार शेयरधनीहरूलाई रु.१ अर्ब ८ करोड ९३ लाख ४३ हजार ५ सय ४७ बराबर (अर्थात प्रत्येक १०० कित्ता बराबर २८ कित्ताका दरले) बोनस शेयर वितरण गर्ने सम्वन्धि विशेष प्रस्ताव पारित गरिदिन सभासमक्ष पेश गर्नुभएकोमा सभाले उक्त विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

९. सभाध्यक्षले विशेष प्रस्ताव अन्तर्गत बुंदा २ मा प्रस्तावित बैंकको २२औं साधारण सभाले संचालक समितिलाई प्रत्यायोजन गरेको अख्तियारी बमोजिम संचालक समितिले रु.१,९९,१९,४२,३६०/- (रुपैयाँ एक अर्व उनान्नसय करोड उन्नाइस लाख बयालिस हजार तीन सय साठी मात्र) रकम बराबर (प्रत्येक १० कित्ता शेयर बराबर ४ कित्ताका दरले) हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा हकप्रद शेयर जारी गर्दा आउने भिन्न अंक (Fraction) लाई शेयरधनीबाट थप रकम लिई पूर्ण (Whole) अंकमा परिणत गर्ने र त्यसरी पूर्ण (Whole) अंकमा परिणत गर्ने क्रममा वर्तमान शेयरधनी समूहको शेयर स्वामित्व कायमै राख्न संस्थापक (Promoter) शेयरधनीबाट जति रकम थप्न

आवश्यक पर्छ सो रकम संस्थापकबाट समेत थप लिई संस्थापक र सर्वसाधारण शेयरधनीको शेयर स्वामित्व ७०:३० कायम गर्ने एवं हकप्रद शेयर विक्री नभएको अवस्थामा प्रचलित कानून बमोजिम नियमन निकायको स्विकृति लिई उपयुक्त माध्यमबाट विक्री गर्न स्विकृति प्रदान गर्ने सम्वन्धि विशेष प्रस्ताव पारित गरिदिन सभासमक्ष पेश गर्नुभएकोमा सभाले उक्त विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गर्‍यो ।

१०. विशेष प्रस्तावको बुँदा १ र २ बमोजिम पारित प्रस्तावका कारण मौजुदा जारी तथा चुक्ता पूंजीको अंकमा बृद्धि गर्ने विशेष प्रस्तावको फलस्वरुप बैंकको प्रबन्धपत्रको दफा ५.१ को खण्ड (ख) र (ग) मा संशोधन गर्नु पर्ने भएको हुंदा छलफलको विषयसूचीको विशेष प्रस्ताव अन्तर्गत बुंदा ३ मा प्रस्ताव गरिए अनुसार प्रबन्धपत्रको दफा ५.१ को खण्ड (ख) र (ग) मा संशोधन गर्ने सम्वन्धी विशेष प्रस्ताव पारित गरिदिन सभाध्यक्षले सभासमक्ष पेश गर्नुभएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गर्‍यो ।

प्रबन्धपत्रको दफा ५ को उपदफा १ को खण्ड (ख) र (ग) को सट्टामा देहायबमोजिम दफा ५ को उपदफा १ को खण्ड (ख) र (ग) कायम गर्ने:

(ख) बैंकको जारी पूँजी रु. ६,९७,१७,९८,२५९/-(छ अर्व सन्तानब्बे करोड सत्र लाख अन्ठानब्बे हजार दुई सय उनान्साठी रुपैंया) हुनेछ । जसलाई रु.१००/-(एक सय रुपैंया) का दरले ६,९७,१७,९८२.५९ (छ करोड सन्तानब्बे लाख सत्र हजार नौ सय बयासी दशमलव उनान्साठी) साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) बैंकको चुक्ता पूँजी रु.६,९७,१७,९८,२५९/- (छ अर्व सन्तानब्बे करोड सत्र लाख अन्ठानब्बे हजार दुई सय उनान्साठी रुपैंया) हुनेछ ।

साथै सभाले हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा हकप्रद शेयर जारी गर्दा आउने भिन्न अंक (Fraction) लाई शेयरधनीबाट थप रकम लिई पूर्ण (Whole) अंकमा परिणत गर्ने र त्यसरी पूर्ण (Whole) अंकमा परिणत गर्ने क्रममा वर्तमान शेयरधनी समूहको शेयर स्वामित्व कायमै राख्न संस्थापक (Promoter) शेयरधनीबाट जति रकम थप्न आवश्यक पर्छ सो रकम संस्थापकबाट समेत थप लिई संस्थापक र सर्वसाधारण शेयरधनीको शेयर स्वामित्व ७०:३० कायम गर्न आवश्यक पर्ने पूँजी जारी गर्न प्रबन्धपत्रको दफा ५ को उपदफा १ को खण्ड (ख) र (ग) मा थप संशोधन आवश्यक भएमा सोही बमोजिम पून: प्रबन्धपत्रको दफा ५ को उपदफा १ को खण्ड (ख) र (ग) मा आवश्यक संशोधन गरी जारी पूँजी तथा चुक्ता पूँजीको अंक परिवर्तन गर्न त्यसको तीन महले तयार गरी कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरी संशोधनको अभिलेख गर्ने लगायतका आवश्यक काम गर्न समेत संचालक समितिलाई अख्तियारी दिने सर्वसम्मतिबाट निर्णय गर्‍यो ।

११. संचालक समिति तथा संचालक समितिको उपसमितिहरुको बैठकमा भाग लिएवापत समितिका अध्यक्ष तथा अन्य संचालकहरुलाई दिईने बैठक भत्ता बृद्धि गरी क्रमश: रु.१५,०००/- र रु.१२,५००/-प्रति बैठक कायम गर्न बैंकको नियमावलीको २९(ख) संशोधन गर्ने तथा स्थानीय संचालकहरुलाई पत्रपत्रिका तथा समाचार सामाग्री वापत दिइने मासिक खर्च बृद्धि गरी मासिक खर्च रु.१५,०००/- कायम गर्न बैंकको नियमावलीको नियम २९(घ१) मा संशोधन गर्नेसम्बन्धी प्रस्ताव पारित गरिदिन सभाध्यक्षले सभासमक्ष पेश गर्नुभएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

<u>**नियमावलीको नियम २९(ख) को सट्टामा देहाय बमोजिम नियमावलीको नियम २९(ख) कायम गर्ने:**</u>

संचालकले पाउने बैठकभत्ता देहायबमोजिम हूनेछ :

| | | |
|---|---|---|
| संचालकसमितिका अध्यक्ष | : | रु. १५,०००/- प्रतिबैठक |
| अन्य संचालक | : | रु. १२,५००/- प्रतिबैठक |

माथि उल्लेख गरिएवमोजिम संचालकसमितिको बैठकमा भाग लिएबापत संचालकसमितिका सदस्यहरूलाई दिइने बैठकभत्ता संचालकसमितिले गठन गरेका उपसमितिहरूको बैठक समेतमा भाग लिएबापत दिइनेछ ।

<u>**नियमावलीको नियम २९(घ१) को सट्टामा देहाय बमोजिम नियमावलीको नियम २९(घ१) कायम गर्ने:**</u>

स्थानीय संचालकहरुलाई पत्रपत्रिका तथा समाचार सामाग्री वापत मासिक रु.१५,०००/- खर्च दिइनेछ । उक्त खर्च यो संशोधन कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भए पश्चात भुक्तानी दिइनेछ ।

१२. बैंकले आ.व. २०७२/७३ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा पशुपति क्षेत्र विकास कोषसँगको साझेदारीमा पशुपति दक्षिण कलात्मक प्रवेशद्वार निर्माणका लागि संचालक समितिबाट स्विकृत गरिएको रु.२ करोड ७५ लाख मध्ये यस आ.व. मा सो अन्तरगत भएको खर्च कम्पनी ऐन, २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सीमा नाघेको हुँदा सो अन्तरगत भएको खर्च रु.२६,६०,७७२/- लाई अनुमोदन गरिदिन सभाध्यक्षले सभासमक्ष प्रस्ताव पेश गर्नुभएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मतिबाट अनुमोदन गऱ्यो ।

१३. "धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्वन्धी निर्देशिका, २०७३" को दफा ४ को १ को (ज) बमोजिम बैंक वा वित्तीय संस्थाको प्रबन्धपत्र वा नियमावलीमा धितोपत्र खरिदको दरखास्त संकलन सम्बन्धी कार्य गर्न सक्ने व्यवस्था कायम गर्न प्रचलित कानून बमोजिम सम्बन्धित निकायको स्वीकृति/ इजाजत/सदस्यता लिई धितोपत्र निष्कासनकर्ता कम्पनीको धितोपत्र खरिदका लागि आफ्ना ग्राहकहरूबाट दरखास्त संकलनको काम वा आस्वा (एप्लिकेसन सर्पोटेड बाई ब्लक

एमाउण्ट) सेवा लगायतका अन्य सम्बद्ध सेवा प्रदान गर्ने र सोही बमोजिम प्रबन्धपत्रको दफा ४ मा (टट२) पछि दफा ४ को उपदफा (टट३) थप/कायम गर्ने प्रबन्धपत्र संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा ३ को खण्ड (क) को प्रक्रिया अन्तर्गत ७० प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनी तथा संस्थापकको समर्थनमा सभाध्यक्षले सभासमक्ष पेश गर्नुभएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

**प्रबन्धपत्रको दफा ४ मा (टट२) पछि दफा ४ को उपदफा (टट३) थप/कायम गर्ने:**

दफा ४ को उपदफा (टट३) : "प्रचलित कानून बमोजिम सम्बन्धित निकायको स्वीकृति/इजाजत/सदस्यता लिई धितोपत्र निष्कासनकर्ता कम्पनीको धितोपत्र खरिदका लागि आफ्ना ग्राहकहरूबाट दरखास्त संकलनको काम वा आस्वा (एप्लिकेसन सपोर्टेड बाई ब्लक एमाउण्ट) सेवा लगायतका अन्य सम्बद्ध सेवा प्रदान गर्ने ।"

१४. प्रबन्धपत्र तथा नियमावलीका दफा/नियममा भएको संशोधनका सम्बन्धमा नियमन निकायहरूले कुनै निर्देशन दिएमा संचालक समितिलाई प्रबन्धपत्र तथा नियमावलीको संशोधित दफामा आवश्यकताअनुसार परिवर्तन/परिमार्जन गर्न अख्तियारी गर्नेसम्बन्धी प्रस्ताव पारित गरिदिन सभाध्यक्षले सभासमक्ष पेश गर्नुभएकोमा प्रबन्धपत्र तथा नियमावलीको संशोधित व्यवस्था तथा त्यसको तीन महले तयार गर्ने, भाषागत एवं ढाँचागत स्वरूप निर्धारण गर्ने, त्यसको हेरफेर गर्ने, प्रमाणित गर्ने, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत सम्वद्ध निकायसमक्ष आवश्यकता अनुसार प्रबन्धपत्र तथा नियमावली संशोधनको अभिलेख गराउने लगायतका आवश्यक कामकारवाही गर्न तथा यस साधारणसभाका कुनैपनि निर्णयको कार्यान्वयनको सिलसिलामा कुनै अस्पष्टता वा द्विविधा उत्पन्न भएमा त्यस्तो अस्पष्टता वा द्विविधा हटाउन उचित व्याख्या गर्ने तथा यस सम्बन्धमा नियमन निकायहरूले कुनै निर्देशन दिएमा संचालक समितिलाई प्रबन्धपत्रको संशोधित दफामा आवश्यकता अनुसार परिवर्तन/परिमार्जन गर्न अख्तियारी प्रदान गर्ने समेत सर्वसम्मतिबाट निर्णय गऱ्यो ।

**१२. सभाध्यक्षले साधारणसभामा प्रस्तुत सम्पूर्ण विषयहरू आधिकारिक छलफल भई पारित भएको घोषणा गर्नुभयो ।**

तत्पश्चात् दिनको दिउँसो ३.३० बजे सभाध्यक्ष श्री कृष्ण प्रसाद आचार्यले विधिवत् रुपमा सभा विसर्जन गर्नुभयो ।

**रमेश घिमिरे**
**(कम्पनी सचिव)**

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

**कृष्ण प्रसाद आचार्य**
**(अध्यक्ष)**

*अनुसूची १*

❖ **श्री उद्धवप्रसाद घिमिरे**

- बैंकको Visibility कम रहेको धारणा व्यक्त गर्दै विज्ञापनमा जोड तोडका साथ लाग्न सुझाव व्यक्त ।
- शेयरधनीलाई २८ प्रतिशत बोनस शेयर सहित कर प्रयोजनका लागि नगद लाभांश दिएकोमा धन्यवाद ज्ञापन गर्दै यसमा निरन्तरता दिन आग्रह ।
- उत्कृष्ट वार्षिक प्रतिवेदनका लागि धन्यबाद ज्ञापन ।
- समयमै शेयरधनीलाई वार्षिक प्रतिवेदन उपलब्ध गराएकोमा धन्यवाद ज्ञापन ।
- अन्य बैंकको तुलनामा विदेशी विनिमय आम्दानी कम भएको धारणा व्यक्त ।
- विना सूचना भुक्तानी भएको ड्राफ्ट मुद्दाका सम्बन्धमा जिज्ञासा व्यक्त ।

❖ **नरसिंहलाल चखु**

- वासलातको आकार, व्यवसाय विस्तारका आधारमा समष्टिमा बैंकले प्रगति गरेको धारणा व्यक्त ।
- लगानीकर्ताको प्रतिफललाई सूनिश्चित गर्न बैंक सफल भएको धारणा व्यक्त ।
- सम्पत्तिमा प्रतिफलमा सुधार गर्नुपर्ने धारणा व्यक्त ।
- विदेशी विनिमय व्यवस्थापनमा प्रगति गरेको भएतापनि अझ सुधार गर्नुपर्ने धारणा व्यक्त ।
- Hedge Fund लाई परिचालन गर्नु पर्ने धारणा व्यक्त ।
- ROI मा सुधार गर्नुपर्ने धारणा व्यक्त ।
- शिक्षा क्षेत्रमा समेत लगानी गर्नुपर्ने धारण व्यक्त ।
- कर्मचारी अभिप्रेरणामा ध्यान दिई कर्मचारीको आवश्यकतालाई ध्यान दिनुपर्ने सुझाव व्यक्त ।

❖ **श्री व्यासकुमार शर्मा**

- ईक्रा नेपाल लिमिटेडले बैंकलाई "ICRANP-IR AA" इश्युअर रेटिङ्ग प्रदान गरेकोमा खुशी व्यक्त ।
- निक्षेप, कर्जा तथा समष्टीगत सूचकांकहरुमा सुधार गर्न सफल भएको धारणा ।
- वासलात वाहिरका कारोबार एवं अन्य आम्दानीमा बृद्धि गर्नुपर्ने धारणा व्यक्त ।

❖ **मेजर कुबेर श्रेष्ठ**

- Welcomed Directors representing State Bank of India.
- Appreciated the Bank's policy/capital plan regarding augmentation of capital upto Rs.8 billion without merger and acquisition.
- Appraised the Shareholders about Bank's efficiency parameters like EPS, Deposit, Net profit etc.
- Thanked for right shares upto 40% without premium and also for allowing General Public Shareholders to put money over and above their actual entitlement for subscribing to the rights to the extent of the amount required for rounding off their shares to one share.
- Enquired about the process of allotment of FPO of 67,767.87 shares and express his dissatisfaction of allotment modality.
- Advised the Bank to play key role in facilititating foreign investment especially from India in Tourism sector.
- Enquired about the impact in Nepal due tc demonetization in India.
- Enquired about construction of own corporate office building of NSBL and advised to give priority for construction.
- Advised to come up with 'NSBL Scholarship Fund'.



NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

- Advised to provide micro credit to the families of Indian Army.

❖ **श्री राजेश शाक्य**

- नेपाल वित्तीय विवरण प्रतिवेदनमान (एन.एफ.आर.एस.) लागु गर्ने सम्वन्धमा जिज्ञासा व्यक्त ।
- हाल निष्काशन भई बाँडफाँड गरिएको ६७,७६७.८७ कित्ता फर्दर पब्लिक ईस्यूको सम्बन्धमा जिज्ञासा व्यक्त ।
- साधारणसभा समयमै सम्पन्न हुन नसकेको सम्वन्धमा जिज्ञासा व्यक्त ।

❖ **श्री भक्ती प्रसाद उप्रेती**

- शेयरधनीहरुलाई उचित प्रतिफल दिन सकेकोमा आभार व्यक्त ।
- संचालन मुनाफा तथा खुद मुनाफामा बृद्धि गरी निष्कृय कर्जा कम गर्न सकेकोमा धन्यवाद ज्ञापन ।
- बैंकमा सञ्चालकसमितिका सदस्यहरू, व्यवस्थापनटोली र सबै तहका कर्मचारीहरूले अनिवार्य रूपमा पालन गर्नुपर्ने आचारसंहिताको तर्जुमा गरी कार्यान्वयन गरेको कुरा सन्हानिय रहेको धारण व्यक्त ।
- ईक्रा नेपाल लिमिटेडले बैंकलाई "ICRANP-IR AA" इश्युअर रेटिङ्ग प्रदान गरेकोमा खुशी व्यक्त ।
- बैंकको पूँजी योजनालाई मध्यनजर गरी शेयरधनीलाई उचित प्रतिफल दिन मुनाफामा बृद्धि गर्नुपर्ने धारणा व्यक्त गर्दै रु.८ अर्ब पूँजी कायम भए पश्चात समेत न्यूनतम २५ प्रतिशत लाभांश कायम राख्न आग्रह ।
- लेखापरीक्षण शूल्क वृद्धि भएको सम्वन्धमा जानकारी व्यक्त गर्दै लेखापरीक्षण शुल्क बृद्धि सम्बन्धमा जिज्ञासा व्यक्त ।

❖ **डा. माधव कुमार श्रेष्ठ**

- समयमै वार्षिक प्रतिवेदन प्राप्त नभएको गुनासो ।
- २८ प्रतिशत बोनस शेयर प्रस्ताव गरेकोमा धन्यवाद ज्ञापन ।
- बैंकको मुनाफामा वृद्धि कम भएको धारणा व्यक्त गर्दै बैंकिङ्ग उद्योगमा सातौं स्थानमा रहेको जानकारी प्रस्तुत ।
- बैंकको भावी योजना एवं लक्ष्यका सम्वन्धमा जिज्ञासा व्यक्त ।
- बैंकलाई अझ सबल वनाउनका लागि आवश्यक मार्गदर्शन लिखित रुपमा सभाध्यक्षलाई उपलब्ध ।

❖ **श्री बैजनाथ रौनियार**

- २८ प्रतिशत बोनस शेयर तथा हकप्रद शेयरका लागि धन्यवाद ज्ञापन ।
- एकीकृत वित्तीय विवरणहरु उपर स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदनमा राय व्यक्त गर्न अस्वीकारको लागि आधार भनी उल्लेख गरिएको सम्वन्धमा जिज्ञासा व्यक्त ।
- आगामी वर्ष बोनस शेयरको अपेक्षा गर्दै कम्तिमा २८ प्रतिशत बोनस शेयर दिनुपर्ने धारणा व्यक्त ।
- बैंकमा रहेका महिला कर्मचारीको प्रतिनिधित्वका सम्बन्धमा जिज्ञासा व्यक्त ।

❖ **श्री शिव प्रसाद शर्मा**

- हाल निष्काशन भई बाँडफाँड गरिएको ६७,७६७.८७ कित्ता फर्दर पब्लिक ईस्यूको सम्वन्धमा जिज्ञासा व्यक्त ।

- हकप्रद शेयर जारी गर्न ढिलाई भएको धारणा व्यक्त गर्दै ढिलाई भएको सम्वन्धमा जिज्ञासा व्यक्त ।
- २८ प्रतिशत बोनस शेयर सहित कर प्रयोजनका लागि नगद लाभांश दिन बैंक सफल भएकोमा धन्यवाद ज्ञापन ।
- ब्याज आम्दानी भन्दा अन्य आम्दानीमा ध्यान दिन आग्रह ।
- कर्मचारीको क्षमता अभिवृद्धि गर्नेतर्फ ध्यान दिन आग्रह ।

❖ **श्री उत्तम दत्त पाण्डे**

- अन्य बैंकको तुलनामा प्रति कर्मचारी मुनाफा कमि रहेको धारणा व्यक्त गर्दै यसतर्फ ध्यान दिन आग्रह ।
- वासलात तयार गर्न र समयमै साधारण सभा सम्पन्न गर्न नसकेकोप्रति जिज्ञासा व्यक्त ।

❖ **डा. सुन्दर लाल श्रेष्ठ**

- शेयरधनीलाई २८ प्रतिशत वोनस शेयर दिएकोमा धन्यवाद ज्ञापन ।
- समयमै साधारणसभा सम्पन्न गर्न नसेकोको प्रति ध्यानकर्षण ।
- जेष्ठ नागरिक, अशक्त र अपाङ्गता भएका ग्राहकहरुलाई सहायत गर्न कर्मचारी या गार्डको व्यवस्था गरी उनीहरुलाई प्राथमिकताका आधारमा सेवा प्रदान गर्न आग्रह ।
- नेपाल राष्ट्र बैंकको निर्देशनको सम्वन्धमा जिज्ञासा व्यक्त गर्दै त्यसको सम्वन्धमा बैंकको धारणा वार्षिक प्रतिवेदनमा उल्लेख नभएकोमा गुनासो ।

❖ **श्री कृष्ण प्रसाद अधिकारी**

- साधारण सभाहलको व्यवस्थापन चुस्त नभएको धारणा व्यक्त ।
- बैंकले शाखा विस्तार गर्न सकेकोमा धन्यवाद ज्ञापन ।
- विना सूचना भुक्तानी भएको ड्राफ्ट मुद्दाका सम्बन्धमा जिज्ञासा व्यक्त ।

❖ **श्री रोज कुमार श्रेष्ठ**

- ईक्रा नेपाल लिमिटेडबाट बैंकले "ICRANP-IR AA" इश्युअर रेटिङ्ग प्राप्त गरेकोमा गर्व लागेको धारणा व्यक्त ।
- बैंकका समग्र परिसूचकमा सुधार गर्न सफल भएको धारणा व्यक्त ।
- नेपाल राष्ट्र बैंकको पत्रमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐनमा भएको व्यवस्था बमोजिम संचालक समितिको वैठक बस्न भएको निर्देशनका सम्वन्धमा जिज्ञासा व्यक्त ।
- स्पेड दर कम भएको र त्यसलाई बृद्धि गर्नुपर्ने धारणा व्यक्त ।
- वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको बैंकको नारा परिवर्तन गर्न सुझाव व्यक्त ।

❖ **अमिर दास रन्जित**

- शेयरधनीलाई २८ प्रतिशत वोनस शेयर दिएकोमा धन्यवाद ज्ञापन ।
- प्रिमियममा हकप्रद शेयर निष्काशनको सम्वन्धमा जिज्ञासा व्यक्त गर्दै गत साधारण सभाको निर्णय कार्यान्वयनका सम्वन्धमा स्पष्ट पार्न आग्रह ।
- कर्जा र निक्षेपको अनुपात कम र नेपाल राष्ट्र बैंकको नियम बमोजिम गणना गरिएको कर्जा निक्षेप अनुपात बढी हुनुको सम्बन्धमा जिज्ञासा व्यक्त ।

❖ **श्री दिलिप मान श्रेष्ठ**

- संचालक समितिका अध्यक्ष तथा प्रवन्ध संचालकलाई स्वागत ।
- शेयरधनीले साधारण सभामा व्यक्त गरेका सारगर्भित सुझावहरुको कार्यान्वयन गर्न संचालक समिति तथा व्यवस्थापनलाई अनुरोध ।
- नेपाल भर बैंकको शाखा सञ्जाल विस्तार गर्न आग्रह ।
- आफ्ना शाखाहरुमा पर्याप्त मात्रामा कर्मचारी परिचालन गर्न आग्रह ।

❖ **श्री चन्द्र नारायण श्रेष्ठ**

- शेयरधनीलाई २८ प्रतिशत वोनस शेयर दिएकोमा धन्यवाद ज्ञापन ।
- स्प्रेड दर कम भएको र त्यसलाई वृद्धि गर्नुपर्ने धारणा व्यक्त ।
- उत्पादनशील क्षेत्र र विपन्न वर्गमा कर्जा लगानी सन्तोषजनक रहेको धारणा व्यक्त ।
- बैंकिङ्ग उद्योगको वृद्धि अनुरूप बैंकको कर्जा तथा सापटीमा वृद्धि नभएको गुनासो ।

❖ **श्री डमरु वल्लभ घिमिरे**

- संचालक समितिका अध्यक्ष तथा प्रबन्ध संचालकलाई स्वागत ।
- शेयरधनीले साधारण सभामा व्यक्त गरेका सारगर्वित सुझावहरुको कार्यान्वयन गर्न संचालक समिति तथा व्यवस्थापनलाई अनुरोध ।
- बैंकको आफ्नै भवन हुनुपर्नेमा जोड दिंदै चाँडो भन्दा चाँडो भवनको शिलान्यास गर्न अनुरोध ।
- साधारण सभा समयमै हुन नसकेको गुनासो गर्दै आगामी वर्ष साधारण सभा असोज मसान्त भित्र गर्न आग्रह ।

❖ **श्री उत्तम पाठक**

- आगामी वर्ष साधारण सभा समयमै सम्पन्न गर्न आग्रह ।
- संचालक समितिको बैठक भत्ता लगायत अन्य शिर्षकमा भत्ता बृद्धिको सम्वन्धमा जिज्ञासा व्यक्त ।
- पूँजी बृद्धि गर्दा हकप्रद शेयर जारी गर्नुभन्दा मुनाफ बृद्धि गरी बोनस शेयर मार्फत बृद्धि गर्न सुझाव ।

❖ **श्री बलराम सापकोटा**

- बैंकको कार्यप्रगतिका सूचकांकहरुमा सुधार भएको धारणा व्यक्त ।
- सरकारी स्वामित्वका संस्थाहरुले बैंकहरुबाट शेयर बिक्री गरी साधारण पब्लिकलाई प्राथमिकता दिनुपर्ने धारणा व्यक्त ।
- संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत दुर्गममा रहेको कुनै अस्पताललाई सहयोग गर्न आग्रह ।
- साना शेयरधनीहरुको गुनासो र सुझावलाई समेत ध्यान दिन आग्रह ।

❖ **श्री राम गोपाल मर्हजन**

- निक्षेपमा वृद्धि, मुनाफामा बृद्धि सहित शेयरधनीलाई २८ प्रतिशत बोनस शेयर घोषण गरेकोमा संचालक समिति तथा व्यवस्थापनलाई धन्यवाद ज्ञापन ।

- समयमै साधारणसभा सम्पन्न गर्ने तर्फ विचार पुऱ्याउन आग्रह ।
- शाखा विस्तार गर्दा शाखाहरुबाट सेवाग्राहीलाई सहज रुपमा सेवा दिन आग्रह गर्दै संचालनमा रहिरहेको शाखाहरुलाई दक्ष बनाउनुपर्ने धारणा व्यक्त ।
- हकप्रद शेयरमा जस्तै बोनस शेयर वितरण गर्दा आउने भिन्न अंक (Fraction) लाई पूर्ण (Whole) अंकमा परिणत गर्न आवश्यक व्यवस्था मिलाउन आग्रह ।

❖ **श्री महेन्द्र बहादुर श्रेष्ठ**

- नेपालीहरुसँग रहेको भारतीय रुपैंयाको सटहीका लागि आवश्यक पहल एवं सहजीकरण गरिदिन आग्रह ।
- हालै बजारमा व्यप्त तरलता अभावलाई व्यवस्थापन गर्ने बैंकको रणनितिको सम्बन्धमा जिज्ञासा व्यक्त ।
- भारतीय पेन्सनरहरुबाट नेपाल भित्रने पैसाको सदुपयोग गर्न बैंकले कुनै योजना संचालनमा ल्याउनुपर्ने धारणा व्यक्त ।
- भारतीय तिर्थयात्रीहरुलाई मध्यनजर गरी कार्ड संचालनमा ल्याउन आग्रह ।

❖ **श्री लवराज जोशी**

- बैंक स्वच्छ, सबल र समृद्ध रुपमा अगाडि बढिरहेको धारणा व्यक्त ।
- शाखा खोल्दा मुनाफामा समेत ध्यान दिई त्यस क्षेत्रलाई आत्मनिर्भर बनाउने तर्फ समेत ध्यान दिन आग्रह ।
- अन्य प्रतिस्पर्धी बैंकको तुलना गर्दै आगामी वर्ष मुनाफा केन्द्रित हुनुपर्ने धारणा व्यक्त ।
- उत्पादनमूलक तथा स्थानिय स्रोत र साधनको परिचालन गरी सीपमूलक व्यवसायतर्फ बैंकको लगानी केन्द्रित गर्न आग्रह ।
- शेयरधनीले साधारण सभामा व्यक्त गरेका सारगर्वित सुझावहरुको कार्यान्वयन गर्न संचालक समिति तथा व्यवस्थापनलाई अनुरोध ।

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.